नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय
ग्रामीण उद्यम तथा विप्रेषण आयोजना(समृद्धि)

Investing in rural people

# सामाजिक परामर्श (Social Mentoring) कार्यविधि २०७६

आयोजना व्यवस्थापन कार्यालय
ईटहरी, सुनसरी

# विषय सूचि

१: प्रस्तावना....................1

२: संक्षिप्त नाम र प्रारम्भ....................1

३: परिभाषा....................1

४: सामाजिक परामर्श संचालन :....................2

५. सामाजिक परामर्श सम्बन्धी अन्य व्यवस्था:....................5

## १: प्रस्तावना

सामाजिक परामर्शको माध्यमवाट उच्च जोखिममा रहेका घरपरिवारहरुको अवस्था विलेश्लेषण गरी पारीवारिक सम्बन्धहरुको आयामहरुलाई सामाजिक परिचालनका विभिन्न औजारको उचित प्रयोग गरी वरिवरि रहेका अवसर र चुनौतिहरुको सहि पहिचान र उपयोगद्वारा आयोजनाको सम्भाग १.१ अन्तर्गतका ६,७५० घरपरिवारलाई आर्थिकरुपले सबल बनाउनका लागि आयोजना निर्देशक समितिले देहाय बमोजिमको सामाजिक परामर्श कार्यविधी बनाई लागु गरेकोछ ।

## २: संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "सामाजिक परामर्श (Social Mentoring)संचालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि समृद्धि आयोजनाको निर्देशन समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

## ३: परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि –

१) "आप्रवासन स्रोत केन्द्र तथा सूचना कक्ष" भन्नाले आयोजनाले स्थानिय तहसँग समझदारी गरी वैदेशिक रोजगारमा जाने युवा युवतीहरुलाई सुरक्षीत आप्रवासनको सुचना दिन स्थापित केन्द्र तथा कक्ष सम्झनुपर्छ ।

२) "आय आर्जन कार्यक्रम" भन्नाले आय आर्जनका लागि गरिनेकृषि तथा गैर कृषि क्रियाकलापलाई सम्झनुपर्छ ।

३) "आयोजना" भन्नाले ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) लाई सम्झनुपर्छ ।

४) "आयोजनाको कार्यक्षेत्र" भन्नाले आयोजना कार्यान्वयन हुने कार्यक्षेत्र सम्झनुपर्छ ।

५) "आर्थिक विकास सहजकर्ता"भन्नाले आयोजनाको सह-संभाग १.४ अन्तर्गत आर्थिक तथा सामाजिक परिचालनका निम्ती समुदाय स्तरमा काम गर्ने आयोजनाको कर्मचारी सम्झनुपर्छ ।

६) "उच्च जोखिमा रहेका घर परिवार" भन्नाले बैदेशिक रोजगारमा गएका युवाहरुका परिवार विशेष गरेर श्रीमती/श्रीमान् तथा बालबच्चाहरु जो बावु-आमासँग सँगोलमा रहेका परिवारका सामाजिक तथा आर्थिक पक्षमा कुनै निर्णायक भुमिका नभएका परिवार भन्ने बुझ्नुपर्दछ ।

७) "गरिब तथा विपन्न" भन्नाले नेपाल सरकारले निश्चित मापदण्ड अन्तर्गत समय-समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनी रहेको परीवार र परीवारका सदस्यलाई समेतलाई जनाउनेछ ।

८) “वित्तीय शिक्षा तथा व्यावसायिक ज्ञान सहजकर्ता” भन्नाले वित्तीय शिक्षा तथा व्यावसायिक ज्ञान तालिम दुई (FEEK-2)संचालनका निम्ती छनौट भइ प्रशिक्षक प्रशिक्षण तालिम लिएर कक्षा संचालन गर्न योग्य समुदायस्तरको सहजकर्तालाई बज्नुपर्दछ ।

९) “लैङ्गिक कार्य सिकाइ पद्धति”भन्नाले सहभागितामुलक सामाजिक सशक्तिकरणको विधिमा समुदाय आफै व्यक्ति तथा परिवार तथा समाजमा रहेका लैङ्गिक बाधाहरुलाई विश्लेषण गरि उच्च मनोबलका साथ आफ्नो सपनामा पुग्न मद्धत गर्ने विधी भन्ने बुझ्नुपर्दछ ।

१०) “स्थानिय तह”भन्नाले नेपालको स्थानीय प्रशासनिक तहहरु गाउँपालिका,नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकालाई जनाउनेछ ।

११)“सामाजिक परामर्श” भन्नाले लैङ्गिक कार्य सिकाइपद्धति प्रयोग गरि उच्च जोखिममा रहेका परिवारले सामाना गरिरहेका पारिवारिक तथा सामाजिक आर्थिक पक्षमा सुधार ल्याउनका निम्ती गरिने मनोसामाजिक परामर्शको सेवा भन्ने सम्झनुपर्छ।

१२)“सामाजिक परामर्शकर्ता” भन्नाले लैङ्गिक कार्य सिकाइ पद्धतिप्रयोग गरि उच्च जोखिममा रहेका परिवारलाई परामर्श तथा समाधानका विकल्पहरु रोज्न सहजिकरण गर्ने व्यक्तिलाई जनाउँदछ ।

## ४:सामाजिकपरामर्शसंचालन :

### (क) सेवाग्राही पहिचान:

१) आयोजनाको संभाग १.१अन्तर्गत गठन भएका समूहहरुमा संगठित भएका र यस कार्यविधिको दफा ३ को उपदफा १(४) ले परिभाषित गरे अनुसारका परिवारहरु यस सेवाका लक्षित वर्ग हुनेछन् ।

२) आप्रवसन स्रोत केन्द्र तथा सूचना कक्षबाटयस कार्यविधिकोदफा ३ को उपदफा १(४)अनुसार पहिचान भएका व्यक्तिहरु जो संभाग १.१ अन्तर्गत आयोजनाको लाभग्राही बन्न इच्छुक रहेका परिवारहरु पनि यस सेवाका लाभग्राही हुनेछन् ।

३) आर्थिक विकास सहजकर्ताहरूले संभाग १.१को समुदाय परिचालन गर्ने क्रममायस कार्यविधिको दफा ३ को उपदफा १(४) अनुसार पहिचान भएका र संभाग १.१ अन्तर्गत आयोजनाको लाभग्राही बन्न इच्छुक परिवारहरु यस सेवाका लक्षित वर्ग हुनेछन् ।

४) वित्तिय साक्षरता तथा व्यवसायिक शिक्षा सहजकर्ताहरुले समुदायमा बित्तिय साक्षरता तथा व्यवसायिक शिक्षाको कक्षा सञ्चालनका क्रममा यस कार्यविधिको दफा ३ को उपदफा १(४)अनुसार पहिचान भएका र संभाग १.१ अन्तर्गत आयोजनाको लाभग्राही बन्न इच्छुक परिवारहरु यस सेवाका लक्षित वर्ग हुनेछन् ।

**(ख)सामाजिक परामर्शकर्ताको योग्यता:**

१) सामाजिक परामर्शकर्ता कम्तीमा आठ कक्षा सम्म पढेको हुनु पर्नेछ यदि सो समुदायमा आठ कक्षा सम्म पढेको व्यक्ति उपलब्ध नभएमा सो भन्दा कम शैक्षिक योग्यता भएकोलाई पनि परामर्शकर्ताको रुपमा छनौट गर्न सक्नेछ।

२) सामाजिक परामर्शकर्ता विवाहित र कम्तीमा ३० वर्ष उमेर भन्दा माथिको हुनु पर्नेछ ।

३) सामाजिक परामर्शकर्ता समुदाय परिचालन र सहभागिता मुलक पद्धतिको ज्ञान भएको व्यक्ति हुनुपर्नेछ ।

४) सामाजिक परामर्शकर्ता परिवार तथा समूहहरुमा हौसला तथा उत्प्रेरित गर्ने कामको अनुभव भएको व्यक्ति हुनु पर्नेछ ।

५) सामाजिक परामर्शकर्ता मनोसामाजिक परामर्श (काउन्सेलिङ) सेवाको संचार सीप भएको व्यक्ति हुनुपर्नेछ ।

६) सामाजिक परामर्शकर्ता छनौट गर्दा सम्भाग १.१ लागु भएका क्षेत्र (क्लष्टर) का विवाहित महिला, वैदेशिक रोजगारबाट फर्केका व्यक्ति वा विप्रेषणमा आश्रित परिवारका सदस्यलाई प्राथमिकता दिनुपर्नेछ ।सम्भव भएसम्म समावेशीताका आधारमा छनौट गरिनेछ ।

**(ग) सामाजिक परामर्शकर्ताको छनौट:**

१) सामाजिक परामर्श सेवाको लागि सामाजिक परामर्शकर्ताको छनौट गर्दा माथि उल्लखित योग्यता पुगेका युवाहरु मध्येबाट उच्च जोखिममा रहेका परिवार पहिचान भएका समुदायका समूहहरुका पदाधिकारीको सिफारिशमा गरिनेछ ।

२) समुहले सिफारिश गर्दा उक्त व्यक्ति लैङ्गिक कार्य सिकाइ पद्धतिका विभिन्न औजारहरु कम्तीमा आफ्नो परिवारमा प्रयोग गरिसकेका र अन्य तिन जना व्यक्तिलाई उक्त औजारहरुका बारेमा ज्ञान प्रदान गरेको व्यक्ति हुनु पर्नेछ ।

३) यसरी छनौट गरी सिफारिश भएका व्यक्तिहरुको सूची बनाई संभाग १ अन्तर्गत गठन भएका समूहका पदाधिकारीले अनूसुची १ अनुसारको ढाँचामा आयोजना व्यवस्थापन कार्यालय पठाउनु पर्नेछ ।

४) यसरी सिफारिस साथ पेश गरेको विवरणको आधारमा आयोजना व्यवस्थापन कार्यालयले अनुगमन र परिक्षण तथा अन्तरवार्ताका विधी मध्ये कुनै तरिका अपनाई सहजकर्ता छनौट गर्नेछ । सहजकर्ता छनौट सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार आयोजना व्यवस्थापन कार्यालयमा निहित रहने छ ।

**(घ) सामाजिक परामर्शकर्ताको कामको विवरण:**

१) एक सामाजिक परामर्शकर्ताले दफा ४ को उपदफा १अनुसार पहिचान भएका लाभग्राहीहरु मध्ये उसको वरिपरी रहेका कम्तीमा ८ र बढीमा १० घरपरिवारलाई लैङ्गिक कार्य सिकाइ पद्धतिको माध्यमबाट सामाजिक परामर्शको सेवा प्रदान गर्नुपर्नेछ ।

२) सामाजिक परामर्शकर्ताले आफ्नो र उच्च जोखिम परिवारको समय मध्यनजर गरि बिहान वा साझँ दैनिक एक परिवारलाई दुई घण्टाको दरले हप्तामा कम्तिमा ३ दिन सल्लाह वा परामर्श प्रदान गर्नुपर्नेछ ।

३) सामाजिक परामर्शकर्ताले उच्च जोखिममा रहेका परिवारको लागि तयार पारेको स्व विश्लेषण फारम भर्नु पर्नेछ ।

४) सामाजिक परामर्शकर्ताले उच्च जोखिमका घरपरिवार पहिचान भइ समूहमा आबद्ध दुईवटा समुहमा लैङ्गिक कार्य सिकाइ पद्धतिअन्तर्गत समूहलाई परामर्श सेवा प्रदान गरी र समूहको व्यवसायिक योजना बनाउन लैङ्गिक कार्य सिकाइ पद्धतिको प्रयोग गर्नु पर्नेछ ।

५) सामाजिक परामर्शकर्ताले आफ्नो कार्य योजना अनुसूचि २ अनुरुप बनाउनु पर्नेछ ।

६) सामाजिक परामर्शकर्ताले परामर्श दिएका परिवारको विवरण अनुसूचि ३ वमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ ।

**(ङ) सामाजिक परामर्शकर्ताको पारिश्रमिक तथा अन्य खर्च:**

१) सामाजिक परामर्शकर्ताले प्रदान गरेको परामर्श सेवाका निम्ती उसलाई २२(बाइस)दिन बाराबरका कामका लागि समृद्धि आयोजनाले दश हजार रुपयाँ पारश्रमिक प्रदान गर्नेछ ।

२) उक्त रकम सहजकर्ताका सुपरभाइजर र लैङ्गिक कार्य सिकाइ पद्धति अधिकृतको सिफारिसमा पश्चात चौमासिक रुपमा सामाजिक परामर्शकर्ताको बैकं खातामा आयोजनाले जम्मा गर्नेछ ।

३) लैङ्गिक कार्य सिकाइ पद्धति अधिकृतले अनुसुची ४ र ५बमोजिमको फारमका अधारमा सिफारिस गर्नुपर्नेछ ।

**(च) विविधः**

१) लैङ्गिक कार्य सिकाइ पद्धति नेपालमै शुरुवाती चरणमा भएको हुदाँ यसको बारे आवश्यक ज्ञान, सीप र सामग्रीहरु सामाजिक परामर्शकर्तालाई समृद्धि आयोजनाले प्रदान गर्नेछ ।

२) यो सेवा प्रदान गर्नका लागि सामाजिक परामर्शकर्ताहरुलाई प्रशिक्षक प्रशिक्षण तथा पुनर्ताजगी तालिम समृद्धि आयोजनाले दिनेछ।

३) सामाजिक परामर्शकर्ताको कामको अनुगमन तथा मुल्याङ्कन र उनीहरुलाई चाहिने सहयोग र सल्लाहकालागि लैङ्गिक कार्य सिकाइ पद्धति सुपरभाइजर र लैङ्गिक कार्य सिकाइ पद्धति अधिकृतले उपलब्ध गराउने छन्।

## ५. सामाजिक परामर्श सम्बन्धी अन्य व्यवस्था:

१) लैङ्गिक कार्य सिकाइ पद्धति मार्फत सामाजिक परामर्श दिने काम कार्यान्वयन गर्नको लागि संयोजन तथा योजना निर्माणको काम लैङ्गिक कार्य सिकाइ पद्धति अधिकृतले गर्नेछन् ।

२) सामाजिक परामर्शकर्ताले परामर्श सकिएको महिनाको प्रतिवेदन र आउने महिनाको कार्य योजना प्रत्येक महिनाको अन्तिममा लैङ्गिक कार्य सिकाइ पद्धतिको सुपरभाइजरलाई बझाउनु पर्नेछ ।

३) उच्च जोखिममा रहेका घरपरिवारहरुमा आएका परिवर्तनलाई मापन गर्नका लागि तयार गरिएको पारिवारिक स्व विश्लेषण फारम तथा अन्य औजारहरु भरी बुझाउनु पर्नेछ ।

४) परामर्श सेवा पाएका उच्च जोखिमका परिवारहरुमा आएका स-साना परिवर्तनहरुको सामाजिक परामर्शकर्ताले अभिलेख राख्नु (रेकर्ड गर्नु) पर्नेछ र नियमित रुपमा लैङ्गिक कार्य सिकाइ पद्धति सुपरभाइजरलाई बुझाउनु पर्नेछ ।

५) लैङ्गिक कार्य सिकाइ  पद्धति नेपालमा नयाँ प्रयोग भएको हुदाँ यस पद्धतिको प्रभावकारीता तथा सफलताको लागि अन्य कार्यक्रम तथा संस्थाहरुसँग सिकाइ आदन प्रदानको काम गर्नु पर्नेछ ।

# अनुसूचि १

(निर्देशन दफा ४ को (ग) को (३) संग सम्बन्धित)

**सामाजिक परामर्शकर्ता सिफारिस फारम**

सामाजिक परामर्शकर्ताको नाम................................................

ठेगाना.............................................

फोन नं...........................................

लिङ्ग ...................................

प्राथमिमकता विवरणः (क) विप्रेषणमा आश्रित परिवारका सदस्य (ख) वैदेशिक रोजगारबाट फर्केका व्यक्ति (ग) प्राथमिकतामा परेका वस्तु/बालिमा काम गर्ने (घ) कुनै पनि नभएको

उमेर .............

वैवाहिक अवस्था .............

शैक्षिक योग्यता............................

मुख्य पेशा.......................................

अनुभव.......................................................................................................................................

...............................................................................................................................................

सिफारिस गर्ने (तालिम समन्वय समिति):

समुह ..........................

| | | |
|---|---|---|
| नाम........................ | नाम................... | नाम................... |
| **पद:** | **पद:** | **पद:** |
| ठेगाना...................... | ठेगाना.................. | ठेगाना................. |
| फोन नं.................... | फोन नं.................. | फोन नं............... |
| मिति.................... | मिति.................... | मिति................. |

अनुसूचिः २

(निर्देशन दफा ४ को (घ) को (५) संग सम्बन्धित)

**सामाजिक परामर्शकर्ताको मासिक योजना**

| सहजकर्ताको नाम<br><br>परामर्श दिने ठाउँ महिना/साल | | | | | |
|---|---|---|---|---|---|
| दिन/बार | परामर्श सेवा लिने लाभग्राहि | कतिऔ बैठक | कति समय वैठक बस्ने | कुन औजार प्रयोग गर्ने | के परिवर्तन हुने क्रममा छ |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूचि ३
(निर्देशन दफा ४ को (घ) को (ट) संग सम्बन्धित)

**सामाजिक परामर्शकर्ताको प्रतिवेदन नमूना**

| परामर्श सेवा प्रदान भएको स्थान | | | | |
|---|---|---|---|---|
| परामर्श सेवा प्राप्त गरेको सदस्य | दिन | अवधि | परामर्श अभ्यास गरेको विधी | परिवार सदस्यहरुको उपस्थिती/समुह सदस्य संख्या |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**परामर्श सेवाको उपलब्धी सारांश**

.............................................................................................................................................

.............................................................................................................................................

**सिकिएको पाठ**

.............................................................................................................................................

............................................................................................................................................

अनुसूचि ४

(निर्देशन दफा ४ को (ङ) को (३) संग सम्बन्धित)

**सामाजिक परामर्शकर्ताको सुपरिवेक्षण फारम**

| बैठक नं | | | | | मिती | | | |
|---|---|---|---|---|---|---|---|---|
| सहजकर्ता | लिङ्ग | शिक्षा | कती चोटी वैठक बसियो | के परिवर्तन भयो | के परिवर्तन हुने क्रममा छ | परामर्श प्रदान गरेको संख्या | | मुख्य चुनौती |
| | | | | | | म | पु | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूचि ५

(निर्देशन दफा ४ को (ङ) को (३) संग सम्बन्धित)

**सामाजिक परामर्श सेवा सुपरिवेक्षण फारम**

सुपरिवेक्षण मिति:……………………………………

सुपरिवेक्षण गरिएको सदस्य/ समुहको नाम:…………………………………………………

परिवारको सदस्य संख्या:…………… महिला …………………पुरुष…………………

समूह सदस्य संख्या:…………… महिला …………………पुरुष…………………

समूह संयोजकको नाम:…………………………………………………………

सहजकर्ताको नाम:…………………………………………………………

**परामर्श सेवा प्रदान गरिएको नाम मध्येबाट एउटा कलष्टरबाटकम्तिमा चारजनाको नाम नमूना छनौट गरि तलका प्रश्नहरु सोध्नुहोस ।**

१. तपाईलाई GALS परामर्श सेवाको कुन विधी बढि उपयोगी भयो ?

…………………………………………………………………………………………………………………

GALSपरामर्श सेवाबाट सिकेका ज्ञान तथा विधी मध्ये के कति कुरा व्यवहारमा प्रयोग गर्नुभएको छ?

…………………………………………………………………………………………………………………

२. GALS परामर्श सेवा पछि तपाईको परिवारमा आएको वा देखिएको सबै भन्दा महत्वपुर्ण परिवर्तन के हो ?

…………………………………………………………………………………………………………………

सुपरिवेक्षकको

राय……………………………………………………………………………………………………

सुपरिवेक्षकको दस्तखत……………………

नाम……………………………………………मिति……………………………